का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक ३२९
❐ ८ माघ २०७८, शनिबार
❐ 22 January 2022, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक



ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।


## राष्ट्रको नाममा सम्बोधन

# म प्रधानमन्त्री छु नि !



आगामी वर्ष तीनै तहको निर्वाचन, तर मिति तय गरिएन

पुस मसान्तसम्म ५९.६ प्रतिशत नेपालीलाई पूर्ण खोप, चैतसम्म सबैले पाउने

१६ खर्ब ३२ अर्ब ८२ करोड मध्ये पुस मसान्तसम्म ५ खर्ब ६ अर्ब ७८ करोड सार्वजनिक खच

११ खर्ब ८० अर्ब मध्ये पुस मसान्तसम्म ५ खर्ब ७६ अर्ब २४ करोड राजश्व संकलन

पाँच दलीय गठबन्धन सरकारको नेतृत्व गरेका प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार राष्ट्रको नाममा सम्बोधन गर्दै आगामी चैतभित्र सबै नेपालीले कोरोनाको निशूल्क खोप पाउने प्रतिबद्धता दोहोऱ्याएका छन् । यस बाहेक केही क्रमागत आयोजना सम्पन्न गर्नुलाई प्रधानमन्त्री देउवाले उपलब्धी मानेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ माघ ।

प्रधानमन्त्री शेरबहादुर देउवाले सरकारले ६ महिना पूरा गरेको अवसरमा राष्ट्रको नाममा सम्बोधन गरेका छन् । ११ पृष्ठ लामो लिखित मन्तव्यमा सरकारले गरेको उपलब्धी र केही संकल्प सहित प्रधानमन्त्री देउवाले सम्बोधन गरे । सम्बोधनका क्रममा प्रधानमन्त्री देउवाले आफ्नो नेतृत्वमा पाँच दलीय गठबन्धनको सरकार बनेर संविधान, संवैधानिक प्रणाली र विधिको शासन सुदृढ बनेको दावी गरेका छन् ।

आफू प्रधानमन्त्री बन्नुअघि जनतामा रहेको त्रास र भय एवम् राजनीतिक स्थायित्वप्रतिको संशय अन्त्य भएको दावी गरेका छन् । बितेको ६ महिनामा केही उल्लेख्य काम भएको समेत प्रधानमन्त्री देउवाले दावी गरेका छन् । तर स्वभाविक सरकारी प्रक्रिया अन्तर्गत भएका कामलाई पनि देउवाले आफ्नो नेतृत्वकै कारण संभव रहेको जस्तोगरी प्रस्तुत गरेका छन् । विश्वव्यापी कोरोना महामारीबाट बच्न साझा प्रयत्नको खाँचो देख्नु बाहेक प्रधानमन्त्री देउवाको दावीमा आफ्नो सरकार बनेपछि जनतालाई सहज बनाएको दावी बढी प्रस्तुत गरेका छन् ।

प्रधानमन्त्री देउवाले आफ्नो दायित्व अन्तर्गत मुलुकलाई विकसित बनाउने, कोरोना महामारीबाट नागरिकको जीवनरक्षा गर्ने, खुम्चिएको अर्थतन्त्रको विकास गर्ने र आगामी वर्ष तीनै तहको निर्वाचन गर्ने रहेको उल्लेख गरेका छन् । तर कुनैपनि निर्वाचनको मितिबारे भने सम्बोधनमा उल्लेख गरेका छैनन् ।

"एक वर्षभित्रै तीन तहको निर्वाचन गर्नुपर्ने दायित्व सरकारमाथि रहेको छ । निर्वाचनका पूर्वतयारीका कामहरु सम्पन्न गर्न म सम्बन्धित सबैसँग आग्रह गर्न चाहन्छु", प्रधानमन्त्री देउवाको सम्बोधनमा छ । तर कहिले निर्वाचन हुन्छ भन्ने प्रष्ट खुलाएका छैनन् । जबकी निर्वाचन आयोगले आगामी वैशाख १४ र २२ गते स्थानीय चुनाव गर्न सरकारलाई आग्रह गरिरहेको छ । सरकारले निर्वाचनबारे निर्णय गरेको छैन ।

सम्बोधनको लामो समय कोरोनामा केन्द्रीत रहेका प्रधानमन्त्री देउवाले चैतसम्म सवै नेपालीलाई निशुल्क कोरोना खोप लगाउने पुरानै प्रतिबद्धता दोहोऱ्याएका छन् । गएको २९ असारमा प्रधानमन्त्री नियुक्त भएलगत्तै पनि प्रधानमन्त्री देउवाले चैतसम्म सवै नेपालीले खोप पाउने प्रतिबद्धता जनाएका थिए । तर सम्बोधनमा समावेश तथ्याङ्क हेर्दा पनि खोप लगाउने नेपालीको संख्या सन्तोषजनक देखिन्न । अहिलेसम्म ५९.६ प्रतिशत नेपालीले मात्रै पूर्ण मात्राको खोप पाएको प्रधानमन्त्रीको सम्बोधनमा उल्लेख छ । एक वर्षदेखि खोप लगाउँदा आधा भन्दा बढी नेपालीले खोप पाउन नसकेको देखिन्छ । ७८.३ प्रतिशत नेपालीले पहिलो डोज खोप पाएको सरकारी तथ्याङ्क छ । यो भनेको एक करोड १८ लाख ६९ हजार ९७४ जनाले मात्रै पहिलो डोज खोप पाएका छन् ।

आर्थिक सूचकाङ्क पनि सन्तोषजनक देखिन्न । चालु आर्थिक वर्ष अब केही महिना मात्रै बाँकी रहँदा अहिलेसम्म सार्वजनिक खर्चतर्फ १६ खर्ब ३२ अर्ब ८२ करोड मध्ये पुस मसान्तसम्म ५ खर्ब ६ अर्ब ७८ करोड मात्रै खर्च भएको छ । राजश्व संकलन तर्फ ११ खर्ब ८० अर्ब मध्ये पुस मसान्तसम्म ५ खर्ब ७६ अर्ब २४ करोड मात्रै उठेको छ । यसबाहेक प्रधानमन्त्री देउवाले बाँकी खुद्रे कामहरुलाई उपलब्धी मानेका छन् । २० यूनिटसम्म विजुली निशुल्क दिने निर्णय बाहेक सरकारले जनताले प्रत्यक्ष लाभ पाउने थप काम गर्न सकेको छैन ।

केही क्रमागत आयोजनाहरु सम्पन्न हुनुलाई उपलब्धी मानेको सरकारले बितेको ६ महिनामा १७७ किमि सडक कालोपत्रे र २३ वटा सडक पुल बनेको जनाएको छ ।

## माओवादी संकट

# बाहना कोरोना कारण अक्षमता

महासचिव पदमा धेरै नेता आकांक्षी देखिनु र तिनै मध्येबाट भावी नेतृत्व (उत्ताधिकारी) चयन हुने सक्ने अनुमानका कारण महाधिवेशन सकिएको दुई साता बित्दा पनि माओवादी केन्द्रले पदाधिकारी टुंग्याउन सकेको छैन ।




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ माघ ।

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले शुक्रबार बोलाइएको केन्द्रीय कमिटी बैठक स्थगित गरेको छ । बढ्दो संक्रमणका कारण स्वास्थ्य मापदण्ड पालना सम्बन्धी सरकारद्वारा जारी निर्देशन र स्वास्थ्यकर्मीको सुझावको आधारमा बैठक स्थगित गरिएको माओवादीले जनाएको छ ।

यो बैठकबाट पदाधिकारी चयन र केन्द्रीय कमिटीलाई पूर्णता दिने कार्यसूची थियो । तर बैठक अनिश्चित भएसँगै माओवादी केन्द्र फेरि पनि एकल पदाधिकारीकै आधारमा चल्ने भएको छ । "कोरोनाको कारणले बैठकमा ढिलाई भएको हो, अब कोरोना अलिकति कम हुने बित्तिकै पदाधिकारी टुंगो लगाउँछौ", प्रमुख सचेतक देव गुरुङ भन्छन् । माओवादी केन्द्रको राष्ट्रिय महाधिवेशन पुस ११ देखि १८ सम्म काठमाडौंको प्रज्ञाभवन कमलादीमा चलेको थियो ।

उक्त महाधिवेशनले २९९ मध्ये २३७ केन्द्रीय सदस्य चयन गरेको छ भने १५ पदाधिकारी मध्ये अध्यक्षमा पुष्पकमल दाहाल प्रचण्ड निर्विरोध भएका छन् । बाँकी पदाधिकारी र केन्द्रीय कमिटीले पूर्णता नपाउनुलाई माओवादीका नेताहरू कोरोना महामारी प्रमुख कारण रहेको बताउँछन् ।

तर एउटै पदमा धेरै नेताहरु प्रतिष्पर्धी रहेकाले पदाधिकारी चयनमा समस्या रहेको देखिन्छ । अझ उपाध्यक्ष कतिजना राख्ने भन्ने सहमति जुट्न बाँकी नै छ । "सबै पदाधिकारी केन्द्रीय समिति बैठकबाट टुंग्याउने निर्णय गरेको हुँदा ढिलाई भएको हो । अब छिट्टै बैठक बोलाएर त्यो काम पूरा गर्छौं", माओवादी केन्द्रका नेता रेखा शर्मा भन्छिन् । तर भौतिक उपस्थिति सहितको बैठक राख्न महामारीकै कारण संभव नभएको उनी बताउँछिन् ।

### महासचिवमा रस्साकस्सी

माओवादी स्रोतका अनुसार उपाध्यक्ष, सचिव, सहसचिव लगायत पदमा लगभग सहमति जुटिसकेको छ । तर महासचिवमा भने ठूलो रस्साकस्सी छ । अर्थमन्त्री जनार्दन शर्मा, उर्जामन्त्री पम्फा भुसाल, प्रमुख सचेतक देव गुरुङ, वर्षमान पुन लगायत नेता महासचिव पदका आकांक्षी छन् ।

लगातार साथ दिदै आएका नेताहरु एउटै पदमा – बाँकी पृष्ठ २ मा



**देव गुरुङ**
प्रमुख सचेतक
माओवादी केन्द्र

"कोरोनाको कारणले बैठकमा ढिलाई भएको हो, अब कोरोना अलिकति कम हुने बितिकै पदाधिकारी टुंगो लगाउँछौ ।"



**रेखा शर्मा**
नेता
माओवादी केन्द्र

"सबै पदाधिकारी केन्द्रीय समिति बैठकबाट टुंग्याउने निर्णय गरेको हुँदा ढिलाई भएको हो । अब छिट्टै बैठक बोलाएर त्यो काम पूरा गर्छौं ।"

### उत्तराधिकारीको खोजी

प्रचण्डले तीन दशक बढी नेतृत्व गरिसकेको माओवादी केन्द्रको नेतृत्व अब कसले लिने भन्ने चर्चा समेत राजनीतिक वृत्तमा शुरु भएको छ । अझ प्रचण्डले समेत बेलाबेला 'नेतृत्व लिने कोही भए पुस्तक लेखेर बस्थे' भन्ने अभिव्यक्ति दिने गरेकाले पनि उत्ताधिकारीबारे चर्चा स्वभाविक हो ।

तर फेरि प्रचण्डकै तर्क छ- "मैले उत्ताराधिकारी भेटेको छैन । म सक्षम छु नेतृत्व लिन भनेर आँट गर्ने – बाँकी पृष्ठ २ मा

# भिजिट भिसामा खाडी तथा मलेसिया जान रोक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ माघ ।

सरकारले भिजिट भिसामा खाडी तथा मलेसिया जान रोक लगाएको छ । गृह मन्त्रालयले शुक्रबार एक प्रेस विज्ञप्ति जारी गर्दै माघ १० गतेदेखि अर्को सूचना नभएसम्मका लागि भिजिट भिसामा खाडीका मुलुक र मलेसिया जान रोक लगाउने निर्णय गरेको हो ।

गृह प्रवक्ता फडिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा विश्वव्यापी रूपमा बढ्दो कोरोना भाइरसको संक्रमण बढेको अवस्थामा खाडी मुलुक र मलेसिया गई विचल्लीमा पर्ने नेपालीको संख्या बढेको भन्दै भिजिट भिसामा जान रोक लगाएको उल्लेख छ । आकर्षक तलब सुविधासहितको रोजगारी पाउने प्रलोभनमा भिजिट भिषामा गएर युएई पुऱ्याइएका नेपाली युवाहरूको ठूलो संख्या अलपत्र परेका समाचार मध्यान्ह दैनिकलगायतका संचार माध्यमहरुले बारम्बार सार्वजनिक गर्दै आएका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्ण कुमार श्रेष्ठ, प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति र नेपाल वैदेशिक रोजगार व्यवसायी संघलगायतले भिजिट भिसामा जानेहरूलाई निरूत्साहित गर्नुपर्ने पटक-पटक बताए पनि व्यवहारमा भिजिट भिसामा जाने क्रम रोकिएको थिएन । आकर्षक रोजगारी खोजीदिने भन्दै वैदेशिक रोजगार ऐनले तोकेको प्रक्रिया पूरा नगरी भ्रमणका लागि जारी हुने 'भिजिट भिसा'मा लैजाने क्रम पहिलेदेखि रहे पनि पछिल्ला दिनमा दुबई एक्स्पोमा सुरक्षा गार्डको राम्रो तलब पाइन्छ भन्दै आश्वासन दिएर युएई पठाउने क्रम ह्वात्तै बढेको थियो ।

नेपालबाट भिजिट भिसामा यूएई जाँदा तीन लाख रूपैयाँसम्म असुल्ने गरिएको पीडितहरूको भनाइ छ । भिजिट भिसाको धन्दामा राजधानीका केही ट्राभल एजेन्सी र एयरलाइन्स पनि संलग्न रहेको वैदेशिक रोजगार व्यवसायीहरूको दाबी छ ।

गृह मन्त्रालयले भिजिट भिसामा जान रोक लगाए पनि विगतमा अध्यागमन कर्मचारीहरूले नै ट्राभल्स एजेन्सी र एयरलाइन्ससँग मिलेर 'भिजिट भिसा'मा जानेहरूलाई लुसुलुसु पठाउने गरेको धेरैको भनाइ छ । – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### 'अनलाइन श्रम स्वीकृति प्रभावकारी'

काठमाडौं/मस- वैदेशिक रोजगार कार्यालय, काठमाडौंका कार्यालय प्रमुख रमेश अर्यालले हालै शुरू गरेको अनलाइन श्रम स्वीकृति प्रभावकारी बनेको बताएका छन् । दैनिक एक हजारको हाराहारीमा सेवाग्राहीले अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृति भएको अर्यालले जानकारी दिए ।

कोरोना संक्रमण जोखिमको अवस्थामा अनलाइन श्रम प्रभावकारी भएको जानकारी दिँदै अर्यालले यसअघि एक हजार बढी सेवाग्राहीको भौतिक उपस्थितिमा सेवा प्रवाह गर्दा विभिन्न गुनासो आउने गरेको र कर्मचारीले समेत रातीसम्म काम गर्नुपर्ने बाध्यता अहिले हटेको बताए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ ज्ञकिसानझले श्रम स्वीकृतिलाई पेपरलेस बनाउन निर्देशन दिएसँगै छिटो, छरितो र पारदर्शी र गुनासो रहित सेवाप्रवाह गर्न अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृतिको काम सुरू भएको थियो । अनलाइनमा कागजातहरू जाँच गर्न समय लाग्ने तथा कहिलेकाही इन्टरनेट सर्भरको समस्या हुनसक्ने भएकोले – बाँकी पृष्ठ २ मा

### वैदैशिक रोजगारमा जाने श्रमिकका लागि स्वास्थ्य बीमा

काठमाडौं/रासस- सरकारले वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउने प्रक्रिया सुरू गरेको छ । वैदेशिक रोजगारमा जाने व्यक्तिका परिवारलाई सर्वसुलभ स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने उद्देश्यले स्वास्थ्य बिमा बोर्डले उक्त प्रक्रिया सुरू गरेको हो ।

बोर्डले स्वास्थ्य बिमा ऐन, २०७४ ले निर्दिष्ट गरेअनुसार 'वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने कार्यविधि, २०७८' स्वीकृत गरेको छ । ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्न बोर्डले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग छलफल गरिरहेको बोर्डका सूचना अधिकारी शोभित रिजालले जानकारी दिए । – बाँकी पृष्ठ २ मा

# घट्यो परीक्षण घटेन संक्रमण दर

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ माघ ।

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमणदर घट्न सकेको छैन । शुक्रबार थप १०,७०३ जनामा संक्रमण पुष्टि भएको छ । २३,०९२ जनामा परीक्षण गर्दा ४६.५ प्रतिशतमा संक्रमण पुष्टि भयो । यो भनेको अघिल्लो दिन भन्दा धेरै हो ।

बिहीबार संक्रमण पुष्टि हुने प्रतिशत ४४ थियो । २७,४९७ जनामा परीक्षण गर्दा १२,३३८ जनामा संक्रमण पुष्टि भएको थियो । तर शुक्रबार परीक्षण चार हजारले घट्यो भने संक्रमित संख्या भने १५ सयले मात्रै घटेको छ । यसको अर्थ परीक्षण घटेकाले मात्रै संक्रमित संख्या न्यून देखिएको हो । संक्रमण दर भने घट्न सकेको छैन ।

परीक्षणकै अनुपातमा संक्रमित बढिरहँदा शुक्रबारसम्म नेपालमा उपचारत बिरामीको संख्या ६५,३७४ पुगेको छ । तर निको हुनेको संख्या भने न्यून छ । शुक्रबार ७६६ जना मात्रै संक्रमित निको भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । तेस्रो लहरसम्म आइपुग्दा संक्रमित निको हुने प्रतिशत ९१.४ छ । शुक्रबार संक्रमणबाट तीन जनाको मृत्यु भएको छ । यो सहित नेपालमा संक्रमणबाट ११,६३५ जनाको मृत्यु भएको छ ।

लगातार बढिरहेको कोरोना संक्रमण दर शुक्रबार पनि उस्तै रह्यो । तर परीक्षण घटेकाले संक्रमित संख्या भने घटेको छ ।

मन्त्रालयका अनुसार, बितेको डेढ महिना यता राजधानी उपत्यका सहित देशभरका जिल्लाहरुमा संक्रमित संख्या उच्च देखिएको छ । शुक्रबारसम्म पाँच सय भन्दा धेरै सक्रिय संक्रमित रहेको जिल्ला १५ पुगेको छ । मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपरासी पूर्व, बाँके, रुपन्देही र कैलालीमा पाँच सय बढी सक्रिय संक्रमित छन् ।

पर्सा, बारा, महोत्तरी, सत्तरी, सर्लाही, सिराहा, नुवाकोट, धादिङ, गोरखा, तनहु, स्याङजा, वागलुङ, दाङ, सुर्खेत र कन्चनपुरमा दुई सय बढी संक्रमित उपचारत छन् । संक्रमित मध्ये होम आइसोलेसनमा ६३,७३४, संस्थागत आइसोलेशनमा १,६४०, आइसियूमा १९४ र – बाँकी पृष्ठ २ मा

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : १०,७०३ |
| परीक्षण | : २३,०९२ |
| मृत्यु | : ३ |
| निको हुने | : ७६६ |

## माओवादी...

आकांक्षी देखिएकाले प्रचण्डलाई पदाधिकारी टुंग्याउन समस्या परेको देखिन्छ । नेता गुरुङ भने असहमति भएका विषयमा सहमति भएर पदाधिकारी चयन हुने विश्वास व्यक्त गर्छन् ।

माओवादी केन्द्रको संशोधित विधान अनुसार, केन्द्रीय पदाधिकारीमा एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष सहित ७ उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव, तीन सचिव र एकजना कोषाध्यक्ष रहने चयन हुनेछन् ।

## उत्तराधिकारीको ....

नेता भने कोही भेटिएनन् ।" लामो समय पार्टी नेतृत्वमा रहँदा आलोचित हुनुपरेकाले पनि प्रचण्डले यस्ता अभिव्यक्ति दिएको बुझ्न गाह्रो पर्दैन । गत असोजमा पार्टी कार्यालय पेरिसडाडाँमा आयोजित एक कार्यक्रममा त प्रचण्डले आफूहरुलाई मानिसले खाओवादीको संज्ञा दिन थालेको बताएका थिए ।

कतिपय विश्लेषक प्रचण्डको अभिव्यक्तिमा डर र भविष्यप्रतिको चिन्ताको प्रकट भएको रुपमा बुझ्दछन् । "उनका (प्रचण्ड) अभिव्यक्तिहरु अहिलेसम्म गरेको कामको आत्मसमीक्षा र पार्टीको भविष्यप्रतिको चिन्ता हो," राजनीतिशास्त्री कृष्ण पोखेल बताउँछन् । तसर्थ पनि पार्टीको उत्ताराधिकारी बन्नसक्ने व्यक्तिलाई महासचिव चयन गर्ने रणनीतिमा प्रचण्ड देखिन्छन् ।

## भिजिट...

यूएईमा उच्च दक्ष कामदारहरूले मात्र स्थानीय स्तरमा कम्पनी परिवर्तन गर्दै स्वतन्त्ररूपमा रोजगारी पाउने गरेका छन् ।

तर, भिजिट भिसामा गई स्वतन्त्रपूर्वक कम्पनी परिवर्तन गर्दै आकर्षक तलबमा काम गर्न पाइने भन्दै दलालहरूले म्यानपावर कम्पनीबाट जाँदा समय लाग्ने र म्यानपावर कम्पनीलाई भिसा पठाउन पनि ढिला गर्ने भन्दै भड्काएर प्रलोभनमा पार्ने गरेका छन् ।

त्यसमा आर्थिक लाभ लिन पल्केका अध्यागमनका कर्मचारीको मिलिभगत रहेको धेरैको विश्लेषण छ । कडाइसाथ अनुगमन नभए गृह मन्त्रालयले भिजिट भिसामा जान रोक लगाएपनि अध्यागमन कमर्चारीहरू व्यक्तिगत लाभ लिँदै लुसुलुसु पठाउन नछाड्ने आंकलन गरिएको छ ।

## अनलाइन...

तीन दिन अगाडि अनलाइन फाराम भर्न कार्यालयले भनेको छ ।

अनलाइन प्रणालीमा समय बढी लाग्ने र खर्चिलो हुने तथा इपासपोर्टसँग म्याचिङ नहुने भनि अफवाह फैलाइएको भन्दै कार्यालयले सेवाग्राहीले विवरण सही भरेमा सोही दिन नै श्रम स्वीकृति दिने गरिएको जनाएको छ । पुनः श्रम स्वीकृतिको लागि म्यादी जीवन बिमा र वैदेशिक रोजगार कल्याण कोषको रकम अनलाइन भुक्तानी प्रदायकमार्फत भुक्तानी गर्नुपर्ने हुन्छ । म्यादी जीवन वीमाको शुल्क उमेरअनुसार हुने र वैदेशिक रोजगार कल्याणकारी कोषको लागि एक हजार पाँच सय रूपैयाँ शुल्क लाग्ने कार्यालयका सूचना अधिकारी हरिराम नागिलाले बताए ।

जीवन बिमा र कल्याणकारी कोष समेत गरी ३५ वर्षसम्मका लागि पाँच हजार दुई सय आठ रूँपैया, ३६ वर्ष देखि ५० वर्षसम्मका लागि छ हजार चार सय ३१ रूपैयाँ र ५१ वर्षदेखि माथिका लागि १० हजार नौं सय ६३ रूपैयाँ मात्र शुल्क लाग्छ । यदि घरमा नभरेर अन्यत्र अनलाइन फाराम भर्नुपरेमा आफूलाई लाग्ने शुल्कको बारेमा पूर्ण जानकारी राखी नठगिन कार्यालयले सबै सेवाग्राहीलाई आग्रह गरेको छ ।

## वैदैशिक....

"वैदेशिक रोजगारमा गएका व्यक्तिका परिवारलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन बोर्डले स्वास्थ्य बिमा ऐन, २०७४ भएको व्यवस्था अनुसार कार्यविधि जारी गरेको छ, उक्त व्यवस्था कार्यान्वयन गर्न श्रम मन्त्रालयसँग छलफल भइरहेको छ, श्रम मन्त्रालयले स्वीकृत गरेपछि कार्यान्वयनमा जान्छ", उनले भने ।

कार्यविधि स्वीकृतिमा आएसँगै वैदेशिक रोजगारीमा जाने प्रत्येक व्यक्तिले अनुमति लिँदा परिवारको स्वास्थ्य बिमाको अद्यावधिक परिचयपत्र पेस गर्नुपर्नेछ । कार्यक्रममा आबद्धताका लागि बोर्डले वैदेशिक रोजगार विभागसँग समन्वय गरी श्रम स्वीकृति दिने कार्यालयमा स्वास्थ्य बिमा कार्यक्रममा आबद्धता हुने व्यवस्था मिलाउनुपर्नेछ ।

वैदेशिक रोजगारमा गएको व्यक्तिको परिवारको बिमालेख नवीकरण बिमालेखको म्याद समाप्त हुनु एक महिना अगावै गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । बिमालेख अनलाइन वा दर्ता सहयोगीमार्फत गर्न सकिनेछ ।

बोर्डले सातै प्रदेशका प्रदेश शाखा कार्यालय र ७७ जिल्लाका सम्पर्क शाखा कार्यालयलाई पत्र लेख्दै वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने कार्यमा आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्न निर्देशन दिएको छ ।

नेपालको संविधानको धारा (५१) को उपधारा ज (१५) मा 'नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने' व्यवस्था गरेको छ । त्यस्तै, स्वास्थ्य बिमा ऐन, २०७४ को दफा (३) को उपदफा (४) मा 'वैदेशिक रोजगारीमा जाने कामदारको परिवार स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुनुपर्नेछ' भनी उल्लेख गरिएको छ ।

## घट्यो....

भेन्टिलेटरमा ३५ जनाको उपचार भइरहेको छ ।

स्वास्थ्य मन्त्रालयले अहिलेसम्म एक करोड २७ लाख ४६ हजार ५८० जनाले खोप लगाएको जनाएको छ । शुक्रबार मात्रै ३,०७, ४०१ जनामा संक्रमण पुष्टि भएको छ ।

# भारतीय नम्बरको बलेरोसहित मदिरा बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट ७ माघ




रौतहटको परोहा नगर पालिका अन्तर्गतको नर कटियाबाट भारतीय नम्बरको बलेरोसहित मदिरा बरामद गरिएको छ । परोहा नगरपालिका वडा नं ८ नरकटिया चिरान मिल्सस्थित बिहीबार राति बि आर १ पिए ४६२९ नं को सेतो बलेरोमा मदिरा लोड गरी भारततर्फ लैजाँदै गरेको अवस्थामा बरामद गरिएको हो ।

सशस्त्र प्रहरी ११ नं गण तथा प्रदेश २ बाहिनीको संयुक्त स्क्वायर टोलीले शंका लागि चेकजाँच गर्दा कस्तूरी मदिरा ३० कार्टुन, टुवोर्ग बियर १ कार्टुन, बदाम जुस १ कार्टुनसहित बोलेरो नियन्त्रणमा लिएको जनाइएको छ । बलेरोलाई सशत्र प्रहरीले रोक्न खोज्दा चालक भने फरार भएका थिए । बलेरोलाई भन्सार कार्यालयमा बुझाइएको छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मितिः २०७८/१०/०८**

यस कार्यालयमा मिति २०५९/०१/०८मा दर्ता भएको **प्रा.लि. नं. २२०४३**को **कृति इन्टरनेशनल प्रा.लि** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**बहराइनमा रोजगारको अवसर** | कम्पनीः BAHRAIN DALLA FOR FOOD FACTORY CO. शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७८/०९/११ चलानी नं.: ६०१७१२५८ L.T. No.: 254635 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | BD | ने. रु. | | | | | | | |
| 1. | General Worker/Labouer | 1 | 0 | स. काममा दक्ष | 100 | ३१,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ माघ १५ गते (29 January 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**प्रेष्टिज एसोशियट्स प्रा. लि.**

श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५

जनसहयोग मार्ग, नयाँ बानेश्वर (घर नं. १४६ को तेश्रो तल्ला, अन्तराष्ट्रिय सम्मेलन केन्द्र पछाडि, समाज डेन्टल हस्पिटल बाट पंचकुमारी मन्दिर जाने बाटो) काठमाडौं, नेपाल, फोन : ४१०४१०१, ४१०४११६ फ्याक्स : ४१०४१०५, पो. ब. नं. १२१५०, इमेल : prestige@hons.com.np

**HR Search & Placement**

---

**प्रदेश सरकार**
**भौतिक पुर्वाधार विकास मन्त्रालय**
**बाग्मती प्रदेश**
**खानेपानी तथा सरसफाइ डिभिजन नं. ४**
**मन्थली, रामेछाप**

## शिलवन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः– २०७८/१०/०८)**

यस कार्यालयको लागि चालु **आ.व. २०७८/७९** मा निम्न कार्यहरु सिलवन्दी वोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त योग्यता पुगेका उत्पादक कम्पनी एवं सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक सिलबन्दी वोलपत्रको सूचना आह्वान गरिएको छ ।

**शर्तहरुः–**

१. शिलवन्दी वोलपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रकाशित भएको मितिले **३० दिन (२०७८/११/०८)** सम्म कार्यालय समयभित्र **रु. ३०००।–** (फिर्ता नहुने) जम्मा गरि अध्यावधिक इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. **२०७७/७८** को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ संलग्न राखी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. खरिद भएको सिलवन्दी वोलपत्र प्रष्टसँग भरी उत्पादक कम्पनी एवं सप्लायसहरुले प्रत्येक पानामा सहीछाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्टसँग लेखी **३१ औं** दिन **(२०७८/११/०९) १२:००** वजेभित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएको सिलवन्दी वोलपत्र सोही दिन **१:००** वजे उपस्थित सिलवन्दी वोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । सिलवन्दी वोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको उपस्थित नभए पनि सिलवन्दी वोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. इजाजत प्राप्त ब्यक्ति वा फर्महरुको हकमा बोलपत्र खरीद गर्दा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ को नियम २५ को उपनियम ३ बमोजिम आपुर्ति गरीने पाइप तथा अन्य सामानको हकमा बोलपत्रदाता आफैले उक्त सामान नबनाउने वा उत्पादन नगर्ने भएमा नेपाल गुणस्तर चिन्ह प्राप्त उत्पादकले बोलपत्रको लागि प्रस्ताव पेश गर्ने मालसामान आपुर्ति गर्ने सम्बन्धि अधिकार आफुलाई एकलौटीरुपमा रितपुर्वक प्रदान गरेको कुरा प्रमाणीत गर्ने कागजात बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने छ ।

४. सिलवन्दी वोलपत्रपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणहरुको प्रतिलिपि संलग्न गरी कार्यालयवाट विक्री भएको वोलपत्र फारममा दररेट महलको अंक र अक्षर दुबैमा स्पष्ट हुने गरी तल उल्लेखित जमानत वापतको धरौटी रकम यस कार्यालयको **कार्यालय कोड नं. १३७०५३४०१३, राजस्व खाता नं.१४२२९ धरौटी खाता नं. १६८०१००२०२०३००००** मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ९० दिन मान्य अबधि भएको बैक जमानीपत्र सक्कलै फाराम साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

५. सिलवन्दी वोलपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सो कार्य क्रमिक रुपमा गरिनेछ ।

६. सिलवन्दी वोलपत्र शर्त रहित हुनुपर्नेछ । केरमेट भएको ठाँउमा अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ । समयभित्र प्राप्त नभएको, प्रचलित कानुन बमोजिम रित नपुगेको र सूचनाका शर्त विपरित भएको सिलवन्दी वोलपत्रमाथि कुनै कारवाही हुनेछैन ।

७. पेश हुन आएको सिलवन्दी वोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. यस सूचना सम्बन्धी कुनै किसिमको अन्य जानकारी चाहेमा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

९. यस सूचनामा उल्लेखित कुराहरु संसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा टांस गरिनेछ ।

१०. यस सूचनामा नपरेका अन्य कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ ।

**खरीद कार्यहरुको संक्षिप्त विवरणः**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (मू.अ.कर वाहेक) | जमानत वापतको रकम | वोलपत्र कागजात खरीद रकम |
|---|---|---|---|---|---|
| १ | २९/०७८/७९ | साल्मे गुराँसे खानेपानी गुणस्तर सुधार आयोजनाको विभिन्न निर्माण कार्यहरु | ८५,२६,६९५.९९ | २,४२,५००.०० | ३०००.०० |

**डिभिजन प्रमुख**

---

# दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दमक, झापा**
**१ नं. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**प्रकाशित मिति २०७८/१०/०८**

दमक नगरपालिकाबाट प्रकाशित बोलपत्र सूचना बमोजिम पर्न आएका शिलवन्दी बोलपत्रहरुका सम्वन्धमा दमक नगरपालिकाको मिति २०७८/१०/०७ गतेको निर्णयानुसार पेश भएका बोलपत्रहरु मध्ये देहायको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**ठेक्काको विवरणः–** दमक नगरपालिका र कमल गा.पा.को सीमा भित्र वहने रतुवा खोलाको नदीजन्य सामाग्रीको उत्खनन्, संकलन तथा बिक्री कर संकलन

| ठेक्का नम्बर | सूचना प्रकाशित मिति | छनौट भएको बोलपत्रदाताको नाम/ठेगाना | स्वीकृत रकम मु.अ.कर सहित |
|---|---|---|---|
| DMO/JHAPA/RIVER/RTWA/27/078-079 | २०७८/०९/२१ | अधिकारी सप्लायर्स, दमक १ | रु.१,२८,२६,६३०।– |

---

# सुर्नया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रौलेश्वर, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :२०७८।१०।०८ गते**

यस कार्यालयबाट मिति २०७८।०६।२४ गते प्रथम पटक आह्वान गरेको ठेक्का .न. **NCB/SRM/BAITADI/1/78/079,** को बोलपत्र सूचना अनुसाररितपूर्वक दर्ता भई म्यादभित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याकित सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | सामानको बिबरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. ( मु.अ.कर र ps item बाहेक) |
|---|---|---|---|
| **NCB/SRM/BAITADI/1/78/079** | Construction of 10 Bed Hospital Building, | C.M./S.K./SHIBLING Joint Venture , Bedkot 9, Kanchanpur, Nepal | 129132391.96 |

## नेपाली सीमा क्षेत्रमा भारतद्वारा सडक निर्माण

# नेपाली भूमी डुबानको खतरामा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ७ माघ



नवलपरासी दशागजा नजिकै नेपाल र भारतको सीना क्षेत्रमा भारत सरकारले नयाँ सडकको निर्माणले गर्दा नेपाली भूमी डुबानमा पर्ने सम्भावना देखिएको छ।

दशगजा देखि करिब ५ सय मिटर टाढा यस्ता योजनाको निर्माण हुनु पर्ने मापदण्ड हुँदा पनि उक्त निर्माण कार्य करिब एक सय मिटर टाढा निर्माण भइरहेको छ। उक्त सडक निर्माणले गुठी परसौनी, बैदौली, कठहवा, सुर्यपुरा, पिपरपाती, श्रीरामपुरलगायत दर्जनौ गाउँ डुवानमा पर्ने स्थानीय कन्हैया कुमार हरिजनले मध्यान्हलाई बताए। भारत सरकारले बोर्डर डेवलपमेण्ट रोड(बिडीआर) योजना अन्तर्गत पूर्वदेखि पश्चिमसम्म निर्माण गर्न लागेको ७ फिट उचाई तथा ३० मिटर चौडाईको निर्माणाधिन सडकमा पानी निकाशको लागि पुलेसा नहुँदा स्थानीय चिन्तित भएका छन्। यसबारेमा सरकारी अधिकारीहरुसँग सम्पर्क गर्दा 'तैं चुप मै चुप' को अवस्थामा छन्। बाढी प्रभावित क्षेत्र भएको हुँदा निर्माणधिन सडकमा पानीको निकास गर्नुपर्ने नेपाल सरकार तथा सम्बन्धित निकायले समयमै ध्यान दिन जरुरी देखिन्छ।

उक्त निर्माणाधिन सडकमा पानीको निकाश बनाउनको लागि स्थानीयहरुले भारतको उत्तर प्रदेश मुख्यमन्त्री कार्यालयलाई पत्राचार समेत गरेका छन्।

# सीपमुलक तालिममा जोड दिन माग

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ७ माघ



एभरेष्ट क्लब दैलेखको परियोजना परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ। एभेष्ट क्लब दैलेखले नारायण नगरपालिका र दुल्लु नगरपालिकामा सन् २०२१ मा सम्पन्न भएको कार्यक्रम र २०२२ मा संचालन गरिने कार्यक्रमको जानकारी गराएको हो।

एभरेष्ट क्लब दैलेखद्वारा आयोजनामा संचालित सेभ द चिल्डेनसँगको साझेदारीमा २०२२ मा सञ्चालन गर्न लागेको पावर परियोजना कार्यक्रमबारे शुक्रबार दैलेख सदरमुकाममा परिचयात्मक कार्यक्रम सञ्चालन गरिएको परियोजना संयोजक भुपाल सिंह बोहराले बताए।

पाँच वर्षका लागी संचालन भएको परियोजनामा सन २०२२ मा जम्मा योजना बजेट एक करोड एकसट्ठी लाख रहेको परियोजना संयोजक बोहोराले बताए।

परियोजनाबाट एभरेष्ट क्लब दैलेखले नारायण नगरपालिका र दुल्लु नगरपालिकाका आठ वटा माध्यमिक विद्यालयहरुमा गरिब तथा अपांगता भएका बालवालिकाहरुलाई अध्ययन सहयोगको लागि छात्रवृत्ती सहयोग, विपन्न घरपरिवारका युवायुवतिहरुलाई सीपमुलक तथा व्यवसायिक तालिम जस्ता क्रियाकलापहरु संचालन गरिरहेको संयोजक बोहराले बताए।

समग्र परियोजनाले शिक्षा क्षेत्रमा ८९ प्रतिशत, यौन तथा प्रजनल स्वास्थ्यमा ४ प्रतिशत र सरसफाईमा क्षेत्रमा ७ प्रतिशत काम गर्ने गरी योजना गरिएको बताए। उक्त परियोजनाको परिचयात्मक कार्यक्रममा नारायण नगरपालिका दैलेखकी उपप्रमुख, साबित्री मल्ल, परियोजना सञ्चालन हुने वडाका वडाध्यक्षहरु, विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरु, पत्रकार लगायत नगरपालिकास्थित विभिन्न शाखा प्रमुखहरुको सहभागिता रहेको थियो।

रेडक्रस माध्यमिक विद्यालय नारायण नगरपालिका वडा नः ६ भुर्तिका व्यवस्थापन समितिका अध्यक्ष जनक न्यौपानेले शिक्षा क्षेत्रमा परियोजनाले बढी फोकस गरे शिक्षा क्षेत्रमा सुधार हुने बताए।

कार्यक्रममा एभेष्ट क्लब दैलेखकी उपाध्यक्ष हेमा अधिकारीको सबैको सल्लाह सुझाब अनुसार अगाडी बढ्ने बताइन्। उपाध्यक्ष अधिकारीले काम गर्दै जाँदा सुधार गर्नुपर्ने पक्ष धेरै हुन सक्छन् भन्दै कार्यक्रमबाट प्राप्त सल्लाह सुझाव अनुसार आउँदा दिनमा अगाडि बढ्ने बताइन्।

यस्तै नारायण नगरपालिका दैलेखका मेयर खड्काले साना र छोटा योजना भन्दा दिगो योजनासहितको ठोस कार्यक्रम गर्दा समुदाय स्तरमा विकास र गरिबी निवारणका क्षेत्रमा सहयोग पुग्ने विश्वास लिएको बताए। संस्थाले कागजमा काम गरेर फिल्ड स्तरमा नतिजा देखिनु पर्ने उनको भनाइ छ।

मेयर खड्काले सीपमुलक तालिममा बढी जोड दिनुपर्ने बताए। परियोजनाले नारायण र दुल्लु नगरपालिकामा सन् २०२६ सम्म काम गर्नेछ। क्लबले किशोरकिशोरी तथा बालवालिकाको क्षेत्रमा बढीभन्दा बढी काम गर्ने र विभिन्न विद्यालयहरु लगायत सबैसँग हातेमालो गर्ने समेत सिनियर फिल्ड अपिसर बाबुराम आचार्यले बताए।

## सिरहा डायरी
राजेन्द्र महतो/ मध्यान्ह

# सिरहा प्रशासनद्वारा २३ बुँदे आदेश जारी




सिरहा प्रशासनले बढ्दो कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण नियन्त्रण गर्न २३ बुँदे आदेश जारी गरेको छ। जिल्ला प्रशासन कार्यालय सिरहाबाट बिहीबार सो आदेश जारी भएको हो। प्रशासनका अनुसार यो आदेश शुक्रबार देखि अर्को सूचना प्रकाशित नगरुन्जेलसम्म जिल्लाभर जारी रहने जनाइएको छ। संक्रमक रोग ऐन २०२० को दफा २, स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ अनुसार जारी भएको सो आदेश शुक्रबारदेखि अर्को सूचना प्रकाशित नभएसम्म जिल्लाभर जारी रहने जनाइएको छ।

आदेश उल्लघंन गर्नेलाई सोही ऐन अनुसार कारवाही गर्ने जनाइएको छ। जारी आदेशमा सबै प्रकारका आम सभा, जुलुस, सभा, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्म संचालन नगर्न आग्रह गरिएको छ। प्रशासनले गोष्ठी, सेमिनार, समीक्षा बैठक जस्ता क्रियाकलाप संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने, भौतिक रुपमा उपस्थिति भइ गर्नु परेमा जनस्वास्थ्यका मापदण्ड पालना गरि बढीमा २५ जना सहभागि हुने गरी संचालन गर्ने निर्देशन दिएको छ। यसैगरी माघ ७ गतेदेखि जिल्ला भित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न अनिर्वाय खोप कार्ड बोक्नुपर्ने, सार्वजनिक निकायबाट सेवा प्रवाह गर्दा भिडभाड हुन नदिने, स्वाथ्य मापदण्डको पालना गराउनुपर्ने छ।

सार्वजनिक यातायातमा तोकिएको सिटभन्दा बढी यात्रु राख्न नपाउने, घरबाट बाहिर निस्कदा अनिर्वाय रुपमा मास्क लगाउनु, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने जारी आदेश मा बताइएको छ। त्यस्तै ,घर बाहिर निस्कदा अनिवार्य रुपमा मास्क को प्रयोग गर्ने , प्रयोग गरिएका मास्क डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरेर सुरक्षित साथ राख्न र पाँच दिनपछि मात्र विसर्जन गर्न निर्देशन दिएको छ। जारी आदेशमा घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्न र प्रयोग गरेका मास्क नफाल्न प्रशासनले भनेको छ। जारी आदेशमा विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्ट्याक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा पाँच दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्न आदेशपत्र जारी गरेका छन्।

## सालको काठसहित ३ जना पक्राउ



सिरहाको धनगढीमाई नगरपालिका - १२ सिमलटोकीबाट अवैध साल जातको काठसहित ३ जनालाई वन कार्यालयले पक्राउ गरेको छ। डिभिजन वन कार्यालय लहान सिरहाबाट खटिएको गस्ती टोलीले काठको काम गरिरहेको अबस्थामा अवैध काठसहित स्थानीय देब नारायण महतो, श्याम सुन्दर महतो र सोही नगरापालिका वाड नं. ४ वस्ने प्रविण महतोलाई पक्राउ गरिएको जनाइएको छ।

आँपको बगैंचाको विभिन्न ठाँउबाट लुकाई छिपाई राखेको अवस्थामा ५६ क्यू.वि.फिट साल काठसहित उनीहरुलाई पक्राउ गरिएको डिभिजन वन कार्यालयका डिभिजन प्रमुख सुभाषचन्द्र दासले मध्यान्हलाई जानकारी दिए। सो काठ करिब तीन लाख ७० हजार मूल्य बराबरको रहेको बताइएको छ। पक्राउ परेकाहरुलाई थप कारबाहीको लागि जिल्ला अदालतमा पेश गरिएको डिभिजन वन कार्यालय लहान सिरहाले जनाएको छ।

## व्यवस्थित बसपार्कका लागि कार्यविधि बनाईंदै

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, ७ माघ




कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको सातौं नगरसभा सम्पन्न भएको छ। नगरपालिकाको सभाहलम् सम्पन्न टसभाले चालु आर्थिक वर्ष २०७८/८९ को कार्यक्रमको मध्यावधि समीक्षा संशोधन तथा मूल्यांकन गरेको छ।

नगर प्रमुख रजत प्रताप शाहको अध्यक्षतामा भएको सभामा कार्यपालिकाका सदस्य सचिव तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार कार्की, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, कर्मचारी, पत्रकार लगायतको सहभागिता रहेको थियो। नगर प्रमुख शाहद्वारा दीप प्रज्ज्वलन गरि औपचारिक उद्घाटन गरिएको कार्यक्रममा वडाध्यक्ष छेदी प्रसाद यादवले स्वागत मन्तब्य राखेका थिए। कार्यक्रममा लेखा शाखाकी सन्जु अचार्यले पालिकाको मध्यावधि बजेट समीक्षा र आय व्यय प्रस्तुत गरेकी थिइन्।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजय कुमार कार्कीले नगरपालिका भित्रका प्रमुख समस्याहरूको बारेमा अवगत गराएका थिए। कार्यक्रममा बोल्दै नगर प्रमुख शाहले बालविकास सहजकर्ता तथा विद्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब संघीय सरकारले तोकेबमोजिम नगरपालिकाले प्रदान गर्ने र नगर भित्र विकासका हरेक सम्भाव्यताको पहिचान गरि नगर विकास गरिने बताए। प्रमुख शाहले कृष्णनगरमा व्यवस्थित वसपार्कका लागि कार्यपालिकाको बैठकबाट तत्काल कार्यविधि बनाई अगाडि बढ्ने बताए। इश्वरी प्रसाद पौडेलले संचालन गरेको कार्यक्रममा वडाध्यक्ष संजय कुमार गुप्ता, मोबिन खानलगायते वडाका समस्याहरु राखेका थिए।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१०/०८**

**सुनगाभा पोलिक्लिनिक प्राईभेट लिमिटेड**को मिति २०७३/०५/२८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुनगाभा क्लिनिक प्राईभेट लिमिटेड (प्रा.लि.नं.: ३८८२२)**, कायम गर्ने गरी मिति २०७३/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५४/०७/१० मा दर्ता भएको **प्रा.लि. नं. ५३३** को **माउन्ट कैलाश टुर्स एण्ड ट्राभल्स प्रा.लि.** को एकल सेयर धनीको मिति २०७८/०८/१७ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल** : rokayasherbahadur723@gmail.com

### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्याहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

| सि.नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | प्रतिईकाई मूल्य | अधिकतम खुद्रा बिक्री मुल्य MRP |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chest Freezer | | Veltech | JMCF-208E00C | | China | SET | NRP | 33,750.00 |
| 2. | Chest Freezer | | Veltech | JMCF-258E00C | | China | SET | NRP | 35,500.00 |
| 3. | Chest Freezer | | Veltech | JMCF-308E00C | | China | SET | NRP | 36,500.00 |
| 4. | Chest Freezer | | Veltech | JMCF-400E00C | | China | SET | NRP | 51,500.00 |
| 5. | Chest Freezer | | Veltech | JMCF-500E00C | | China | SET | NRP | 70.000.00 |

**बिक्रेताको फर्मको नामः जय माँ ईलेक्ट्रोनिक्स** **स्थायी लेखा नंः 302637148**
**ठेगानाः रेशमकोठी, बिरगन्ज** **फोन नंः 051-531107, 529772**

### मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**मुसिकोट, रुकुम (पश्चिम)।**

### नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण सम्वन्धि वोलपत्र/शिलवन्दी दरभाउ पत्र सम्वन्धमा

(तेस्रो पटक प्रकाशित मिति : २०७८/१०/०८)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र ढुंगा,गिट्टी, वालुवा विक्री तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ दफा ४(घ) को व्यवस्था वमोजिम सानी भेरी नदीको तपसिल वमोजिमका घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्री वितरण गर्ने गरी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक संस्था, फर्म वा कम्पनीहरुले नविकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिवृध्दि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपीहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र वोल पत्र/दरभाउ पत्र खरिद गरी ८ औं दिनको १२ वजे भित्र कार्यालयमा पेश गर्न दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। अन्य शर्तहरु प्रचलित ऐन, नियम, कार्य विधि/ मापदण्ड अनुसार हुने छन

तपसिल

| वोलपत्र/ शिलवन्दी दर भाउ पत्र नं. | नदी वगरको नाम | नदीजन्य पदार्थको परिमाण, घ.फि. | न्युनतम वोलपत्र रकम रु., मू.अ.कर वाहेक | वोलपत्र दस्तुर | वोलपत्र/ शिलवन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम समय |
|---|---|---|---|---|---|
| वोल./मु.न.पा./न.प.०२-०७८/०७९ | भलखोला बगर मु.न.पा. १ | ६१९१६४.०० | १८५७४९२.०० | ३०००.०० | सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ वजे भित्र |
| शिल./मु.न.पा./न.प.०१-०७८/०७९ | प्रियतरा (दुरे) वगर मु.न.पा. १४ | ३०४८१९.२० | ९१४४५७.६० | १०००.०० | |
| शिल./मु.न.पा./न.प.०२-०७८/०७९ | लामिताल वगर मु.न.पा. ०२ | २१३७५४.४६ | ६४१२६३.३९ | १०००.०० | |
| शिल./मु.न.पा./न.प.०३-०७८/०७९ | गाराघाट वगर मु.न.पा. १ | २३३३७७.२० | ७००१३१.६० | १०००.०० | |
| धरौटी/जमानत रकम | मु.अ. कर सहित कुल कवोल अंकको ५% ले हुन आउने रकम ने.वै.ली. मुसिकोट शाखामा रहेको धरौटी खाता नं. ०७७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम वरावरको शिलवन्दी दरभाउ पत्र भए ७५ दिन तथा वोलपत्र भए १२० दिन म्याद भएको वैंक जमानत पत्र (Bid Bond) | | | | |
| शिलवन्दी /वोलपत्र खोल्ने मिति र समय | सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १३ वजे | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/०८**

साविक कम्पनी (**धुन फिल्मस् प्रा.लि.**)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा नाम परिवर्तन गरी **धुन फिल्मस् एण्ड मिडिया प्रा.लि.** कायम गर्ने मिति : २०७८/०३/१५ को निर्णयअनुसार स्वीकृति प्रदान गरिएको छ।

### मोटरसाइकल हराएको सूचना

**मिति २०७८/०९/२४ गते त्रिपुरेश्वर स्थीत दशरथ रंगशालाको सडक क्षेत्रमा पार्किङ गरि राखेको बाग्मती प्रदेश ०२-०३० प ८६३४ Pulsar 220F CC को मोटरसाईकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।**

**सवारी धनी : सुजन मोक्तान**
**च्यासिस नं : MD2A13EXXMCD86775**
**इन्जीन नं : DKXCMD05218**
**सम्पर्क नं : 9851019534**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/१०/०८**

**एसियन टेक्निकल ट्रेनिङ्ग सेन्टर नेपाल प्रा. लि.** को मिति २०७८/०९/१० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एसियन भोकेशनल ट्रेनिङ्ग इन्स्टिच्युट प्रा. लि. (प्रा.लि.नं.: २७६४९५)**, कायम गर्ने गरी मिति २०७८/१०/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. — A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौ

सम्पर्क: Hilton Academy of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## कथा

# मृत्यु भोज !

**शूरवीरलाई कसैले खान बोलाएन । बृद्ध शरीर त्यसमाथि भर्खर श्रीमतीको मृत्यशोकले कमजोर भएको शूरवीको शरीर शिथिल बनेको देखिन्थ्यो । तर, तल भान्छामा, खाना खाने ठाउँमा अट्टहासको हाँसो गुञ्जिरहेको थियो । आज आमा मरेकी बाह्र दिन बितेको छैन, शुद्ध शान्तिको भोज त्यति रमाइलो गरी खाइरहेका छन् । मानौ यस घरमा मृत्यु भोज नभएर बिहेको भोज चलिरहेछ । आफ्ना साथीभाइ र पाहुनावीच कविरले गरेको कुराकारनीले शूरवीरको मुटु चिरिएर आयो यिनीहरूलाई आमा मरेकीमा केही दुःख छैन । मानौं आमाको मृत्यु होइन, छोराको जन्म भएको छ, त्यहाँ ।**



रञ्जु खनाल

"अहा ! कति मिठो अचार ! भाउजू अझै थप्नुहोस न" छिमेकी गोपाल आफ्नो आधा खानाको थाल प्रिया सामु तेर्स्याउँछ । प्रिया मन्दा मुस्कानकासाथ गोपाललाई आलुको अचार थपिदिन्छिन् ।

"कस्तो मिठो, कसले बनाएको भाउजू ? तपाईले हो ?" पुनः प्रश्न गर्छन् गोपाल ।

यतिबेलासम्म प्रिया बोलेकी थिइनन् । बल्ल मुख खोलिन्, "कहाँ हुनुनी बाबु ! आफूलाई कमजोरीले कस्तो भाउन्न होला जस्तो भाको छ । यो जूठो बार्ने काम पनि साह्रै गाह्रो ! हजुरलाई के थाहा ? बाह्रदिनसम्म नुन नखाँदा त नचलान झिँगा जस्तो पो हुँदो रैछ । तपाईलाई जूठो बार्न पऱ्याभापो थाहा हुन्थ्यो नि !" नखरा पार्दै प्रियाले आफ्नो प्रिया वाणी बोलिन् ।



खरदार शूरवीर सरकारी नोकरी गर्दथे । दुई सन्तानको लालन पालन, घरखच टारेर आफ्नी अर्धाङ्गीनीको आवश्यकता पूरा पार्न उनीलाई हम्मे हम्मे पर्दथ्यो । कवीर र रवि स्कुल जाने भैसकेका थिए । सरकारी स्कुलमा पढाइ राम्रो नहुने हुनाले गाँस कटाएरै भए पनि बोर्डिङ स्कुलमा भर्ना गरिदिए । आफूले जति दुःख र संघर्ष गर्नु परे पनि आफ्ना दुई छोराहरूले दुःख खेप्न नपरोस् भन्ने ध्येय थियो शूरवीरको । दुःख जिलो गरेरै भएपनि आफ्ना दुई छोराहरूलाई बोर्डिङ स्कुलमा भर्ना गरेका थिए ।

"हुने विरूवाको चिल्लो पात" भनेझैं जेठो छोरा कविर पढाइमा उत्कृष्ट हुँदै गयो तर, कान्छो छोरा रवि भने पढ्नमा एक नम्बरको अल्छि अनि फटाहा भएर निस्क्यो । झूटो बोल्नमा पनि माहिर थियो । विस्तारै विस्तारै रवि कुलत र कुसंगतमा फस्दै गई दलदलमा भासिदै गयो । दाजु कविर भने आफ्नो मिहिनेत र लगनशीलताले गर्दा अन्तराष्ट्रिय छात्रावृत्ति पाएर पढ्न वेलायत गयो । पढिसकेर उसले बेलायतमा नेपाली केटीसँग वैवाहिक सम्बन्ध गाँसेर बस्यो । छोराले आफ्नो अनुपस्थितिमा र आफ्नै मर्जिमा विवाह गऱ्यो भनेर कविरको आमाले धेरै चित्त दुःखाएकी थिइन् ।

केही समयपछि छोरा, बुहारी अनि सानो नाति काठमाडौं फर्केर आए । नातिको मुख देखेपछि मात्र शान्त भएकी थिइन कविरकी आमा । यी बितेका पलहरू संझेर गहभरी आँसु छछल्काएर कोठामा अतीतका घटनाको स्मरण गर्दछन् शूरवीर । तल भान्छामा खाना पाकेर छरछिमेक र पाहुनाहरूले प्रायः खाइसकेका थिए । तर, शूरवीरलाई कसैले खान बोलाएन । बृद्ध शरीर त्यसमाथि भर्खर श्रीमतीको मृत्यशोकले कमजोर भएको शूरवीको शरीर शिथिल बनेको देखिन्थ्यो ।

तर, तल भान्छामा, खाना खाने ठाउँमा अट्टहासको हाँसो गुञ्जिरहेको थियो । आज आमा मरेकी बाह्र दिन बितेको छैन, शुद्ध शान्तिको भोज त्यति रमाइलो गरी खाइरहेका छन् । मानौ यस घरमा मृत्युभोज नभएर बिहेको भोज चलिरहेछ । आफ्ना साथीभाइ र पाहुनावीच कविरले गरेको कुराकारनीले शूरवीरको मुटु चिरिएर आयो यिनीहरूलाई आमा मरेकीमा केही दुःख छैन । मानौं आमाको मृत्यु होइन, छोराको जन्म भएको छ, त्यहाँ ।

भोक र प्यासले शूरवीरलाई छट्पटी भो । तल भान्छामा गएर खाना मागे । यतिकैमा प्रियाले भनिन्, "यो के गर्नु भएको बा ? एकछिन भोक खप्नु सक्नु हुन्न ? निम्तालुहरूले खाइसके कै छैनन् !" बोलिमा सही थाप्दै कविर बोल्यो, "कति हतार गर्नुभाको बा ! तपाईले ? एकछिन कुर्न सक्नु हुन्न ? इज्जतको पनि ख्याल गर्नु पऱ्यो नि !" बोल्ने शक्ति थिएन शूरवीरको । ओठ मुख सुकेको थियो, भोकले गर्दा उभिने शक्ति पनि थिएन । तै पनि छोरालाई प्रत्युत्तर

> "श्रीमतीको काम सकिएको चार दिनपछि बेलुकी शूरवीरले दुवै छोराहरुलाई आफ्नो कोठामा बोलाए । जेठी बुहारी प्रिया पनि कविरको पछाडि आएर बसिन् । ससुराको सम्पत्तिमा हेराफेरि गरी कान्छो छोरो रविले मात्र हात लगाउला भनेर निकै चनाखो थिइन् प्रिया । दुवै छोरालाई लक्षित गर्दै हार्दिक अनि कारुणिक भावले शूरवीर बोले, "बाबु हो, मलाई एक्लो र असहाय पारी तिमीहरुकी आमाले छाडेर गैहाली । अब मेरो बारेमा के सोचेका छौ त ?"

दिँदै भने, "हो बाबु, तँ सानो छदाँ एकछिन दूध खान नपाएर रूँदा तेरी आमाको र मेरो मुटु चस्कन्थ्यो । आज मैले भोक लागेर खाना माग्दा तेरो इज्जत जाने भो हैन ? म बस्छु बाबु, सहेरै बस्छु ।"

केही नबोली कविर हिँड्यो । वरण्डामा निम्तालु अम्यागतहरूको गफ चलिरहेको थियो । शूरवीर सुरूक्क माथि गएर ओछ्येनमा पल्टिए । यो घर उनलाई विरानो भयो । कति दुःख गरी गृहस्थी जीवनरूपी बगैंचालाई गोडमेल गरी ममताको जल सिञ्चित गरेका थिए उनले । आज त्यो बगैंचामा खडेरी पऱ्यो । पटपट धाजा फाटेर चिरा चिरा पऱ्यो । शूरवीरको संसार अध्यारो भयो । तेल सकिएर निम्न लागेको बत्ती जस्तै । उनीलाई भोज खानेहरूसँग पनि रिस उठ्न थाल्यो । शूरवीरको आत्मा रोइरहेको थियो । दुवै आँखाबाट अविरल रूपमा आँसु झरिरह्यो, वर्षे झरी झैं ।

जेठो छोरोलाई पाहुनाको स्वागत गर्दै फुर्सद थिएन । कान्छो छोरो रवि आफ्नै तालमा व्यस्त थियो, गँजडीहरूको माझमा । कसले हेर्ने ? बृद्ध बाबुलाई ? त्यसमाथि पनि भर्खर पत्नी वियोगमा तड्पिएको लाचार विवस विधुर बुढालाई ? न समाउने हाँगो, न टेक्ने खुड्किलो भने जस्तै हालत थियो शूरवीरको !

त्यस दिनको शुद्धशान्तिको काम सकियो । सबै पाहुनाहरू विदा भएर आ-आफ्ना गन्तव्यतिर हिँडिसकेका थिए । बेलुकी शूरवीर कोठामा आफ्नी मरेकी श्रीमतीको तस्बीर अगाडि राखेर घोरिइ रहेका थिए । आँखाबाट वर्षायामको बाढी बगेझैं अविरलरूपमा शूरवीरको अश्रु बगिरहेको थियो । उक्त अश्रु बगेको दुवै छोराहरूले देखे या देखेनन् बुढा बाबुलाई थाहा भएन ।

श्रीमतीको काम सकिएको चार दिनपछि बेलुकी शूरवीरले दुवै छोराहरूलाई आफ्नो कोठामा बोलाए । जेठी बुहारी प्रिया पनि कविरको पछाडि आएर बसिन् । ससुराको सम्पत्तिमा हेराफेरि गरी कान्छो छोरो रविले मात्र हात लगाउला भनेर निकै चनाखो थिइन् प्रिया । दुवै छोरालाई लक्षित गर्दै हार्दिक अनि कारूणिक भावले शूरवीर बोले, "बाबु हो, मलाई एक्लो र असहाय पारी तिमीहरूकी आमाले छाडेर गैहाली । अब मेरो बारेमा के सोचेका छौ त ?"

एकछिन् सन्नाटा छायो ! कोही पनि बोलेन । निःशब्द निस्तेज, कोठा पूर्ण शून्यतामा विलायो केवल शूरवीरको मनभित्र मात्र कोलाहल थियो । जीवनको कारूणिक पुकार अनि अनुनय विनय मात्र । मन भित्र भित्र उकुस मुकुस भएर विष्फोटावस्थामा थियो । शूरवीरले कविरको अनुहार हेरे । तत्काल कविरले आफ्नो नजर तलतिर झुकायो । आफ्नो जेठो छोरोको मनको कुरा पढ्न बेर लागेन शूरवीलाई । जेठो छोरो निरूत्तर भएको देखेर उनले कान्छो छोरो रवितिर हेरे । बाबुको हेराई बेझेर उसले ठाडै उत्तर दियो, "हेर्नुहोस बा म त एक्लो मान्छे, बस्ने र खाने ठेगाना छैन, त्यसैले ...........!"

वाक्य पूरा नगरी कान्छो छोरो चुप लागेको देखेर बोले शूरवीर, "किन त्यसैले .....? के भन्न खोजेको तैं ले ? तँ बुढालाई पाल्न सक्दिन भन् न !"

"हो त नि ! मेरो कमाइ छैन । तपाईंको सञ्चयकोषको पैसाले आमाको काजक्रिया भैहाल्यो ....।" रूखो स्वरमा कान्छो छोरो रविले आफुभित्रको तिक्तता ओकेल्यो ।


कान्छोको प्रतिक्रिया सुनेर अब जेठो छोरालाई बोल्न बाध्य पाऱ्यो । टाउको कन्याउँदै बोल्यो, "के गर्ने त बा ....? अब .......? मसँग हिँड्नुहोस् भनौं भने तपाईको भिसा बनाएको छैन । फेरि यदि भिसा बने पनि प्रिया अफिस जान्छिन् । छोरा र तपाईंलाई हेर्न उनीलाई गाह्रो हुन्छ । मेरो आम्दानी पनि ....................।" बिचमै कविर अड्कियो ।

"हो बाबु हो, तँ डाक्टर तेरो कमाई थोरै छ । तर, म त खरदार थिएँ । मेरो कमाईले चारजना परिवारलाई छेलोखेलो थियो नि ! हैन ?", व्यंग्य हान्दै भक्कानिएर शूरवीर । अब खरदार शूरवीर बेशूर भए । उनी सदाका लागि एक्लिए । एक्लोपनको अनूभूति उनलाई आफ्नी जन्म दिने आमा मर्दा पनि भएको थिएन ।

हिजो आज उनी प्रायः आफ्नो कोठामा धुमधुम्ती परेर बस्ने गर्छन्, कि त क्षुदादेवीलाई शान्त पार्न घोप्टो पारेर बस्छन् । तिर्खाले घाटी, ओठ सुक्दा पनि भान्छामा गएर पानी खाने तागत पनि हुँदैनथ्यो उनलाई । जवानीका विगतका दिनमा श्रीमतीले ल्याएको तात्तातो चिया सम्झेर आँशु झार्ने गर्दछन् शूरवीर । आजकल उनीलाई कहिले ज्वरो आउने गर्छ । कहले ढाड, कम्मर दुख्ने गर्दछ । उनी विस्तारमा पल्टेर भित्तामा झुण्याएको श्रीमतीको तस्बिर नियाल्ने गर्दछन् । तस्बिर नियाल्ने काम अब उनको दिनचर्चा नै बन्न पुगेको छ ।

## लघुकथा

लक्ष्मीप्रसाद पौडेल



# किसानको पीडा

**"हेल्लो सीताराम जी, राहत नलिने ? अहिले नलिँदा पीडितहरूको नाम लिस्टमा तपाईंको नाम हुँदैन नि फेरि ?", वडा अध्यक्षको चेतावनीपूर्ण आवाजले उनी झन् क्रुद्ध भए र भने, "गरीबलाई धम्क्याएर खान पल्केका स्यालहरू ! मौकापरस्त कमिशनखोर !"**

दिनभरी आक्कल झुक्कल घाम लागेकै थियो । त्यति सारो पानी दर्केको पनि होइन । सीताराम खेतमा धानसँगै बढिरहेको झार उखेलेर घर फर्किएका थिए । राती सिद्राको चखनासँग चार रोटी खाएर सुतेका थिए । चारजनाको परिवार, उनी सामान्य किसान थिए ।

"ए बाबु उठ, बाढ आयो !" बिहान चार बजेतिर छोराले झल्झक्याएर उठाउँदा उनी झस्किए । "हल्ला नगरी सुत्, बहुलाह । पानी नै परेको छैन बाढी आयो भन्छ ?", उनले छोरालाई हकारे ।

चुरेमा अविरल परेको पानी नदी बगेर तराई झर्यो । अव्यवस्थित सडक निर्माण, खोलामा तटबन्ध नहुँदा र सीमामा जबर्जस्ती बनाइएका बाँधले पानी थुनिदा सीतारामको घर खेत सबै डुब्यो । आँगनमा नदी बगिरहेको थियो । खेतमा धानको बोट हराएको थियो ।

स्थानीय संघ संस्था, सहयोगी हातहरूले क्षति संकलनको काम गरिरहेका थिए । ठूलो धनको क्षति भएको प्रारम्भिक नतिजा थियो । बाढी जसरी आएको थियो त्यसरी नै अर्को दिनभरीमा सुक्यो । सितारामले आफूले दिनभरी गोडेको धान खेत हेरे । त्यहाँ बालुवाको थुप्रो भरिएको थियो । तल तलसम्म पनि धानको नामोनिसान थिएन । आकाश अझै धुम्मिएको थियो । उनी निरास घर फर्किए । उनको घर अगाडि रेडक्रस, नगरपालिकाका, सहयोगी संस्थाहरू राहतको पोका लिएर राहत वितरणमा व्यस्त थिए । उनलाई त्यहाँ जान मन लागेन । उनी भन्दै थिए, "वर्षभरी खाने खेती लाग्यो, यो एक बोरा चामलले के गर्नु ?"

श्रीमतीले भनिन्, "नल्याएर के गर्छौ, साँझ खाने अन्न पनि सबै भिजेको छ । फेरि तिमी एकजनाले नलिएर उनीहरूको अभियान असफल हुँदैन क्यार । सबैले लिएकै छन्, फोटो खिचेकै छन् । पत्रकार साथमा छन् ।"

"नदीमा समयमै तटबन्ध बनाएको भए, सडक बनाउँदा प्रसस्त पानीको निकास राखेको भए आज यस्तो हुँदैनथ्यो । हरेक काममा कमिसनले जरा गाडेको छ । स्तरीय काम हुँदैन । हामी निम्न वर्गीय किसान यसरी पीडित हुनुपर्दछ । यी भष्ट्राचारीहरूको सहयोग म लिन्न । यसमा पनि कति हिनामिना गरेका होलान् ।", उनले झोक्किँदै भने ।

"हेल्लो सीताराम जी, राहत नलिने ? अहिले नलिँदा पीडितहरूको नाम लिस्टमा तपाईंको नाम हुँदैन नि फेरि ?", वडा अध्यक्षको चेतावनीपूर्ण आवाजले उनी झन् क्रुद्ध भए र भने, "गरीबलाई धम्क्याएर खान पल्केका स्यालहरू ! मौकापरस्त कमिशनखोर !"

सीताराम पत्नीले एक बोरा चामल र अरू के के एक दुई पोका आँगनमा फालिन् । सीतारामले आँखाभरी आँसु भरेर खेततिर हेरे । उनको मुखबाट फुत्त निस्क्यो, "एक विगाहा धानको मूल्य, एक बोरा चामलले असुल्यो ।"

## कविता

### लम्पसार



अनुराग अरूण, काठमाडौं

छोरा, बाबुको अघि
लोग्ने, स्वास्नीको अघि
कर्मचारी, हाकिमको अघि
गरिब, धनीको अघि
धनी, देउताको अघि लम्पसार पर्छ
आखिर सबै
कसै न कसैको अघि
लम्पसार परेकै छ/छन्
फरक यति,
कोही देखिने गरि
कोही नदेखिने गरि लम्पसार परेको छ
सदियौं देखि
हाम्रा बाबू, बाजे र जिज्युबाजे
अझै ऋषिमुनीहरुको पालादेखि नै
अनुकरण र अनुशरण गर्दै मान्दै आएको
संस्कारी, संस्कार हो ! लम्पसार
त्यै भएर त
यो पुरातन
हाम्रो वीरतापुर्ण गौरव गाथा भएको
कला, संस्कृती र संस्कारको
हाम्रो नेताहरुले आज पर्यन्त
जगेर्ना गरेका छन्
जिवन्त राखेका छन्
व्यवहार प्रचलनमा ल्याएर
हाम्रो यो पुरातन असल संस्कार र संस्कृति
जतन गरेर बचाएर राखेका हुन्
ए मनुवाहरु ! बुझ्नै सकिन ?
"हाम्रो नेताहरु लम्पसार पर्यो" भनेर
किन हो, खिसिट्याँउ ?
त्यसैले,
हाम्रा आदरणीय पुजनीय नेताज्युहरु हो !
अब लाज नमानेर
छाती फुलाएर गर्वका साथ
निर्धक्क भएर लम्पसार पर्नुहोस्
लम्पसार परिरहनु होस् ।

### पाँच मुक्तक



हरिकृष्ण काफ्ले, रौतहट

१
नरम यदि हुन्थ्यो भने, पहाड पनि चपाइ सक्थैं,
सके संसारबाटै, सदाचार धपाइ सक्थैं ।
जे पनि त पचाउँछन् हाँडिघोप्टे भुँडीहरुले,
गुलियो यदि हुन्थ्यो भने, सातै सागर सुकाइ सक्थैं ।

२
मन मिलुञ्जेल मित्रता हो, नत्र को-को काँको हुन्छ,
समझदारी भए मात्रै, आत्मियता पाको हुन्छ ।
सम्बन्ध त आगो न हो खेलबाडको कुरा होइन,
सानो एउटा झिल्को पनि, बढ्न पाए राँको हुन्छ ।

३
तिर्खालुले खोला खोज्छ, खोलो आफैं धाउँदैन,
मह काट्न नसक्नेले, हात चाट्नै पाउँदैन ।
ठिटाहरुलाई अर्ती दिँदा बुढापाका भन्ने गर्थे,
औंला टेढो नपारी त, मुखमा घिउ नै आउँदैन ।

४
